# प्रभाव दैनिक
National Daily

वर्ष ८ अंक ९२ काठमाडौं सोमबार, ११ साउन २०७८ Prabhab National Daily, Sunday, July 26 , 2021 URL www.prabhabonline.com पृष्ठ १० मूल्य रू. ५।-



**पत्रकार आचारसंहिताको पालना गरौं**

**पत्रकार तथा सञ्चारमाध्यमले:**

- हिंसा र अपराधलाई प्रश्रय दिने,
- आत्महत्या गर्न उक्साउने,
- अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने,
- त्रास उत्पन्न गर्ने।

**सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# स्वास्थ्य राज्यमन्त्रीमा श्रेष्ठ नियुक्त

**काठमाडौं(प्रस)–** स्वास्थ्य राज्यमन्त्रीमा उमेश श्रेष्ठ नियुक्त भएका छन् । प्रधानमन्त्री शेरबहादुर देउवाले श्रेष्ठलाई सिंहदरबारमा पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

यसअघि राज्यमन्त्रीको शपथ राष्ट्रपतिको उपस्थितिमा प्रधानमन्त्रीले शीतल निवासमा गराउने परम्परा भए पनि यसपटक उक्त परम्परालाई तोड्दै सिंहदरबारमै पद तथा गोपनीयताको शपथ ग्रहण गराइएको हो । शपथग्रहण कार्यक्रममा अरु मन्त्री र मुख्य सचिवको उपस्थिति थियो ।

कोभिड-१९ को महामारीविरुद्ध स्वास्थ्य तथा जनसंख्यामन्त्री नियुक्त गर्नुपर्ने दबाबमा रहेका प्रधानमन्त्री देउवाले राज्यमन्त्री बनाएपछि विभिन्न अड्कलबाजीहरू हुन थालेको छ । प्रधानमन्त्री देउवालाई २९ असारमा मन्त्रिपरिषद् गठन गर्दा नै स्वास्थ्यमन्त्री नियुक्त गर्नुपर्ने दबाब थियो । सरकारलाई समर्थन गर्ने दलहरू मात्र होइन, उनकै पार्टी नेपाली कांग्रेस र पार्टीभित्र पनि संस्थापन समूहकै नेताहरूले कोरोना महामारीविरुद्ध लडाइँको नेतृत्व गर्न सक्ने स्वास्थ्यमन्त्री नियुक्त गर्न सुझाएका थिए ।

तर, प्रधानमन्त्री देउवाले स्वास्थ्यमन्त्री नियुक्त गरेनन् । त्यसयता प्रधानमन्त्री देउवाले स्वास्थ्यमन्त्री कहिले नियुक्त गर्ने भन्ने प्रश्न झेलिरहे । तर, निजी विद्यालय सञ्चालकलाई स्वास्थ्य राज्यमन्त्री बनाएपछि एकाएक वातावरण फेरिएको छ ।

लिटिल एन्जल्स, आइडिया मोडल, स्मल हेभनलगायत विद्यालयका सञ्चालकका रूपमा चिनिएका श्रेष्ठ त्यत्तिमा मात्र सिमित छैनन् ।

स्वास्थ्यमन्त्री तत्कालका लागि राजनीतिक व्यक्तित्त्वबाट नै ल्याइनुपर्थ्यो तर यस्तो अवस्थामा व्यापारीलाई ल्याइँदा अब सरकारप्रति आक्रोश बढ्न सक्छ । विज्ञ भनेर डा.युवराज खतिवडालाई अर्थमन्त्री बनाएर लोकप्रिय बन्न खोज्दा एमाले घरको न घाटको भएको छ । यहि घटना कांग्रेसमा पनि नदोहोरिएला भन्ने कुनै ग्यारेन्टी नभएको कतिपय कांग्रेसका नेताहरूले बताइरहेका छन् ।

खासमा राजनीतिक जोडघटाउका कारण स्वास्थ्य राज्यमन्त्री श्रेष्ठले बाजी मारेका हुन् । खोपलाई नै विषय बनाएर जो सुकैले राजनीतिक तहमा फाइदा लिने भएकाले खोपमा राजनीति नगर्ने व्यक्तिको खोजीमा प्रधानमन्त्री देउवा थिए, भन्छ बालुवाटर स्रोत । यो बेला राजनीतिक तहबाट मन्त्री बनाउने हो भने खोपलाई देखाएर राजनीतिक भऱ्याङ चढ्न सजिलो हुने छ । यहि कुराको राम्रो ज्ञान भएका कृष्ण सिटौलाले पनि गगन थापाको स्थानमा उमाकान्त चौधरीको नाम अघि सारेपछि प्रधानमन्त्री देउवाले यहि बेला खेल खेल्न पाएको कांग्रेसभित्रै हल्ला चल्न थालेको छ ।

## निर्मला काण्ड

# छानबिन होला त ?

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निवर्तमान सरकारको सबैभन्दा महँगो घटनाका रूपमा लिइएको कञ्चनपुरकी बालिका निर्मला हत्या काण्डले फेरि एकपटक चर्चा पाउने भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले आइतबार गृहमन्त्री बालकृष्ण खाँण र प्रहरी प्रमुख शैलेश थापा क्षत्रीलाई बालुवाटार बोलाएर निर्मलाको हत्यामा संलग्नलाई चाँडो कारबाही गर्न निर्देशन दिएपछि यो घटना फेरि एकपटक चर्चामा आउने भएको हो ।

त्यसो त आइतबार नै प्रधानमन्त्री देउवाले ट्विटरमार्फत निर्मला पन्तको हत्या भएको तीन वर्ष पुगेको दिन आफूले गृहमन्त्री र प्रहरी प्रमुखलाई बोलाएर अहिलेसम्म भएको अनुसन्धानबारे जानकारी लिएको बताएका छन् । उनले यस घटनामा संलग्न दोषीलाई चाँडोभन्दा चाँडो दोषी पत्ता लगाएर कारबाही गर्न निर्देशन दिएको बताएर एकपटक नक्साललाई हल्लाइदिएका छन् ।

कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ निम्बुखेडास्थित उखुबारीमा ११ साउन ०७५ मा निर्मलाको शव फेला परेको थियो । प्रहरीको अनुसन्धानले बलात्कारपछि उनको हत्या भएको देखाएको थियो । तर, अवस्थामा फेला परेको थियो । हत्या भएको तीन वर्ष पुगिसक्दा पनि दोषी पत्ता लागेको छैन । यो समाचार तयार पर्दा त्यसको अघिल्लो दिन भए पनि यो समाचार पाठकको हातमा पर्दा सो घटनाले तीन वर्ष पूरा गर्नेछ ।

लामो अनुसन्धानपश्चात प्रहरीले ती १३ वर्षीया निर्मलाको बलात्कारपछि हत्या भएको भनेर भने पनि सो घटनामा संलग्नलाई पक्राउ गर्न प्रहरीले आनाकानी गरिरहेको त्यसैबेला समाचार आइरहेको थियो । स्रोतको अनुसार सो घटनामा शक्ति व्यक्तिहरूको संलग्न रहँदा उनीहरूलाई पक्राउ गर्न प्रहरी पछि हटेको छ । तर, अब सरकार अर्को दलबाट बनेको अवस्था छ । अब पनि यस घटनाको यथार्थ पत्ता लागेन भने यो घटना नै नेपाल प्रहरीका लागि निक्कै ठूलो दाग रहिरहने सुरक्षालाई नजिकबाट अध्ययन गर्नेहरू नै बताउन थालेका छन् ।



घटनामा संलग्नलाई बचाउनका लागि प्रहरीले छद्म व्यक्तिहरू नउभ्याएको पनि होइन । यत्तिसम्म कि प्रहरीले एक व्यक्ति (जो मानसिकस्थिति ठीक नभएको) लाई उभ्याएर दोष थुपारेर आफ्नो बहादुरी देखाउन खोजेको थियो तर सो कार्य पछि प्रहरीको विरोध भएपछि सो जालसाझको भित्री कथा खुलेको थियो । यत्तिसम्म कि ती युवकको मुखमा दिसाको किरा मुखमा कोच्याएको भनेर तिनै युवकले बकेका थिए ।

प्रहरीको यहि हर्कतका कारण प्रहरी प्रशासनमाथि नै शंका उत्पन्न हुन थालेपछि प्रहरी पछि हटेको थियो । प्रहरी प्रशासनले अझै पनि अनुसन्धान तिनै व्यक्तिबाट सुरु गर्ने भन्नुले प्रहरीमाथि विश्वास देखिँदैन । ती युवकलाई अर्धचेत अवस्थामा ल्याएर जे भन्न लगाए पनि जब उनको डिएनए र निर्मलाको शरीरमा फेला परेको स्वाबसँग नमिलेपछि उनले जीवनदान पाएको आज पनि धेरैलाई थाहा भएकै हो ।

घटनाको तीन वर्षदेखि डिएसपीको नेतृत्वमा प्रहरी केन्द्रीय अनुसन्धान ब्युरोको टोली कञ्चनपुरमै बसेर अनुसन्धानमा खट्दै आए पनि अहिलेसम्म घटनासँग सम्बन्धित दसीहरू प्रहरीले पाउन नसक्नु यो घटनामा स्वयं प्रहरी उच्चअधिकारीहरू पनि संलग्न भएको आसंका गर्न सकिन्छ । जस्तोसुकै अपराधीले पनि अपराधको प्रमाण कहिँ न कहिँ छाडेको विश्वकै अनुसन्धानले देखाएको छ । तर, निर्मला काण्डमा भने प्रहरीलाई आवश्यक पर्ने सबै प्रमाण नष्ट गर्ने न्यूनतम् ज्ञान प्रहरीलाईभन्दा बाहेक कस्लाई हुन्छ र ?

मानसिक अवस्था ठीक नभएका दिलीपसिंह बिष्टलाई सार्वजनिक गरेर प्रहरीले बलात्कारी र हत्याराको संज्ञा दियो । यहि बेला प्रहरीले दीपावली नै मनायो । तर, अभियुक्त विष्टको डिएनए नमिलेपछि सरकारी वकिल कार्यालयले रिहा गरेको थियो । आन्दोलन मुलुकभर भइरहँदा महेन्द्रनगरमा प्रहरीको गोली लागेर सनी खुनाले ज्यान गुमाएका थिए । सुदूरपश्चिम प्रहरी प्रमुख र जिल्ला प्रहरी कार्यालयको नेतृत्व संहाल्न आउने प्रहरी अधिकारीले निर्मला प्रकरणका दोषीलाई कानुनी दायरामा ल्याउने विषय प्राथमिकतामा राख्दै अनुसन्धान थाल्ने गरेको भए पनि अझै अपराधिक पत्ता लाग्न भने सकेको छैन ।

यता, निर्मलालाई न्याय माग्दै प्रधानमन्त्री र गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाइएपछि अब यसले नयाँ रूप लिने देखिएको छ । निर्मलाका बुवा यज्ञराज पन्त र कान्छी आमा लक्ष्मी पन्तले आइतबार कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डेमार्फत ज्ञापनपत्र बुझाएका हुन् ।

सुरक्षा स्रोतका अनुसार निर्मला प्रकरण नेपाल प्रहरीको इतिहासमा महँगो अनुसन्धान भएको छ । यस अवधिमा नेपाल प्रहरीले धेरै जनशक्ति र धनराशीको खर्च पनि गरेको छ । तर, पनि अपराधीसम्म नपुग्नु कतै प्रहरीकै मिलेमतो त छैन ? अब उत्तर दिनै पर्ने अवस्था आएको छ । हिजो सरकार एमालेको, प्रहरी नेतृत्व पनि एमाले समर्थक, कञ्चनपुर प्रहरी पनि एमालेकै हुनाले यो घटनालाई सामसुम पार्न सजिलो भएको थियो तर अब वागमतीमा निक्कै पानी बगेको छ । भिन्न पार्टीले सरकार बनाएको अवस्थामा अब प्रहरी प्रशासनमाथि निक्कै दबाब पर्ने देखिएको छ ।

घटनालगत्तै प्रहरीका अब्बल अनुसन्धान अधिकृतहरूबाट भएको अनुसन्धानले सत्यतथ्य पत्ता लाग्न नसकेको यो घटनाको अवतरण गराउने जिम्मा अब प्रहरी प्रमुख क्षत्रीको हातमा गएको छ । फेरि दिसाको किरा मुखमा कोचेर बक्न लगाउने कि साँच्चै अनुसन्धान गरेर दूधको दूध, पानीको पानी छुट्टयाउने हो ? सबै प्रश्नको उत्तर प्रहरी प्रमुखले दिने सुरक्षालाई नजिकबाट हेर्नेहरूले बताउन थालेका छन् ।

अनुसनधानमा संलग्न प्रहरी अधिकारी अपराधमा चिनजानकै व्यक्तिको संलग्नता रहेको दाबी गरिरहेका छन् । बलात्कार र हत्याका अधिकांश घटनामा आफन्त र चिनजानकै व्यक्तिको संलग्नता रहेको पाइएको भन्दै उक्त घटनामा पनि आफन्त वा स्थानीय व्यक्तिकै संलग्नता रहेको हुनसक्ने प्रहरीको निष्कर्ष छ । तर, त्यो पाटोलाई पुष्टि गर्ने आधार नभएसम्म अहिले आसंका गरेर त्यही पाटोबाट अनुसन्धान गर्नुपर्ने अवस्था रहेको प्रहरीको भनाइ छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

## इजरायल रोजगार

# आवेदन आह्वानको तयारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** इजरायल जाने श्रमिकहरूको परीक्षा लिनका लागि आवेदन फारम आह्वान गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । वैदेशिक रोजगार विभागमा निर्देशक तथा सूचना अधिकारी महेन्द्रनाथ भट्टराईका अनुसार इजरायलमा रोजगारीका लागि जान चाहने श्रमिकका लागि लिइने परीक्षाका लागि आवेदन फारम आह्वान गरिँदै छ ।

जिटुजीमार्फत सञ्चालन हुने परीक्षा सञ्चालनका लागि आवेदन फारम भर्नका लागि सूचना निकाल्ने काम अन्तिम चरणमा पुगेको उनले बताएका छन् । अहिले श्रमिक छनोटका लागि धमाधम काम भइरहेको र छिट्टै सूचना निकाल्ने तयारी भइरहेको उनले बताए ।

वैदेशिक रोजगार विभागको इजरायल हेर्ने निर्देशक डम्बरबहादुर सुनुवारका अनुसार अबको २/३ दिनमा परीक्षा सञ्चालनका लागि सूचना निस्कने छ । अहिले यसै विषयमा छलफल भइरहेको र सूचना आएपछि सबै कुरा जानकारी हुने सुनुवारको भनाइ छ । सूचना जारी भएको २१ दिनभित्र परीक्षा सञ्चालन हुने गरी सूचना निकाल्ने तयारी भइरहेको विभागले जनाएको छ । श्रमिकले काम गर्ने समय, श्रमिकको योग्यता, तलब र इजरायलको कानुनी व्यवस्थाबारेमा पनि सूचनामा प्रष्ट पारिने निर्देशक सुनुवारले बताएका छन् । परीक्षा अंग्रेजी भाषामा हुने बताइएको छ ।

लिखित परीक्षा उत्तीर्ण भएपछि अन्तर्वार्तासमेत लिइने जनाइएको छ । त्यसपछि अन्तिम सूची तयार गरेर इजरायल पठाउने र पठाइएको सूचीबाट इजरायलको पिआइबिएले अन्तिम उम्मेदवार छनोट गर्ने बताइएको छ । यसका लागि अहिले तयारी तीव्रगतिमा भइरहेको विभागका सूचना अधिकारी भट्टराइले जानकारी दिएका छन् । उताबाट नाम छनोट भएर आएपछि भिसा प्रक्रियाको काम सुरु हुने विभागले जनाएको छ ।



नेपाल सरकार र इजरायल सरकारबीच भएको सम्झौताअनुसार स्याहार केन्द्रमा १ हजार नेपाली श्रमिकको माग भएको र सोहीअनुसार परीक्षाको तयारी भइरहेको सूचना अधिकारी भट्टराइले बताए । रोजगारका लागि इजरायल जाने श्रमिकमध्ये ७० प्रतिशत पुरुष र ३० प्रतिशत महिला रहने बताइएको छ । पारिश्रमिक र कार्यस्थलका दृष्टिले इजरायल नेपाली श्रमिकका लागि दक्षिण कोरियाभन्दा पनि आकर्षक गन्तव्य मानिँदै आएको छ ।

लिखित परीक्षा तथा अन्तर्वार्ताबाट छनोट भएका उम्मेदवाहको करारनामामा हस्ताक्षर गरी इजरायलले नेपालको वैदेशिक रोजगार विभागलाई पठाउने र विभागले सम्बन्धित व्यक्तिको हस्ताक्षर गराएर इजरायल पठाइने बताइएको छ ।

इजरायल जाने श्रमिकको न्यूनतम् पारिश्रमिक मासिक १ हजार ५ सय अमेरिकी डलर हुने बताइएको छ । जुन नेपाली रूपैयाँ करिब ९ लाख ७८ हजार हुने भनिएको छ । इजरायलमा श्रमिक पठाउनका लागि कोरोना भाइरस (कोभिड-१९) का कारण रोकिएको थियो । मन्त्रिपरिषद्बाट इजरायल कामदार पठाउन निर्देशिका यसअघि नै स्वीकृत भइसकेको थियो । नेपालबाट ३ वर्षअघि करिब १ सयको हाराहारीमा श्रमिक इजरायल गए पनि थप श्रमिक पठाउन सकिएको थिएन र अब यसका लागि प्रक्रिया सुरु गरिएको विभागले जनाएको छ ।

# मलेसियाबाट थप शव ल्याइँदै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि गएर मलेसियामा ज्यान गुमाएकाहरूको शव ल्याउनका लागि नेपाल वायुसेवा निगमको (नेपाल एयरलाइन्स) को विमान मलेसिया जाने भएको छ । नेपाल एयरलाइन्सको वाइडबडी ए३३० विमान हरेक महिनाको एक दिन शव लिनका लागि मलेसिया जाने भएको हो ।

मलेसियामा विभिन्न कारणले ज्यान गुमाएका नेपालीको शव ल्याउनका लागि मलेसियमा रहेको नेपाली दूतावासको आग्रहमा निगमले महिनामा एक उडान शव ल्याउनका लागि प्रयोग गरिने भएको हो । शव ढुवानीका लागि कार्गो उडानमा जटिल र संवेदनशील हुने भन्दै निजी क्षेत्रका वायुसेवा कम्पनीले शव ल्याउन आनाकानी गर्ने गरेको बताइएको छ ।

शव ढुवानीमा भएको समस्या समाधानका लागि राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमले सामाजिक उत्तरदायित्वअन्तर्गत यसअघि पनि मलेसियालगायत अन्य गन्तव्य मुलुकबाट नेपालीको शव ल्याउँदै आएको बताइएको छ । मलेसियामा रहेको नेपाली दूतावासको आग्रहअनुसार यस्तो व्यवस्था मिलाइएको नेपाल वायुसेवा निगमले जनाएको छ । निगमको विमानले यसअघि पनि मलेसियालगायत खाडीका अन्य मुलुकबाट पनि शव ल्याउँदै आएको छ । शनिबार मात्रै निगमको विमानमार्फत मलेसियाबाट २४ वटा शव ल्याइएको थियो । निगमको विमानले १० माघ ०७७ मा पनि मलेसियाबाट १८ वटा शव नेपाल ल्याएको थियो । निगमको क्वालालम्पुरमा न्यारोबडी विमानले नियमित उडान गर्दै आएको छ । न्यारोवडी विमानबाट शव ल्याउन नसकिने भन्दै दूतावासले वाइडबडी विमान पठाउन अनुरोध गर्दै आएको थियो ।



# भूमि बैंकबारे कागेश्वरी मनोहराको चासो

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले कृषि उत्पादन बढाउनका लागि स्थानीय तहले भूमि बैंक सञ्चालन गर्नसक्ने जनाएपछि काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिकाले यसबारेमा चासो व्यक्त गरेको छ । हालसम्म भूमि बैंक सञ्चालनका लागि कागेश्वरी मनोहरासहित मुलुकभरका ३० वटा स्थानीय तहले चासो देखाएको हो । गत आर्थिक वर्षदेखि नै तीन तहकै सरकारको समन्वयमा भूमि बैंक सञ्चालन गर्ने भनिए पनि पछिल्लो समय मात्र यसबारे स्थानीय तहले इच्छा दखाएका हुन् ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले हालसम्म ३० स्थानीय तहले इच्छा देखाएको जानकारी गराएको छ । मन्त्रालयका अनुसार भूमि बैंक सञ्चालनका लागि सिन्धुपाल्चोकको जुगल गाउँपालिका, इलामको सूर्योदय नगरपालिका, सुनसरीको वराहक्षेत्र नगरपलिका, रुकुम पश्चिमको सानोभेरी गाउँपालिका, स्याङ्जाको तीरुवा गाउँपालिका, दैलेखको भगवतीमाई गाउँपालिका, रूपन्देहीको सैनामैना गाउँपालिका, सिन्धुलीको कमलामाई नगरपालिका र काठमाडौंबाट ११ स्थानीय तहमध्ये कागेश्वरी नगरपालिकाले सञ्चालनको चाहना देखएका छन् । अन्य २० स्थानीय तह तत्काल आउने क्रममा रहेको बताइएको छ ।

यसरी आउने स्थानीय तहले आफूसँग जग्गा रहेको र सञ्चालनका लागि आफूहरू तयारी अवस्थामा रहेको जानकारी गराएका छन् । बैंक स्थापनाका लागि मन्त्रालयले देशभरका स्थानीय तहलाई पत्राचार गरेको थियो । सोही पत्रका आधारमा स्थानीय तहले मन्त्रालयलाई जानकारी गराएका हुन् ।

गत आर्थिक वर्षमा सरकाले तीन सय स्थानीय तहमा पहिलो चरणका बैंक स्थापना गर्न भनेको थियो । चालु आवदेखि भने जग्गा भएका र इच्छा भएका सबै स्थानीय तहले भूमि बैंक सञ्चालन गर्न सक्ने बताएको छ । सरकारले देशका सबै स्थानीय तहमा रहेका निजी तथा सार्वजनिक जग्गाको उच्चतम उपयोग गर्ने भन्दै बैंक सञ्चालनका लागि अवधारणा अघि सारेको हो ।

सरकारले जमिन बाँझो रहन नदिने, बाँझो जमिनलाई उत्पादनमा लगाउने, उपयोगमा नरहेको जमिनलाई न्यून आय भएका किसान तथा सीमान्तकृत परिवारलाई निश्चित शर्त र सुविधासहित प्रयोग गर्न दिने, निष्क्रिय भूमिको उपयोगमार्फत वैदेशिक रोजगारबाट फर्केका युवा वर्गलाई स्वदेशमा नै रोजगार दिने उद्देश्यसहित बैंक स्थापना गर्न लागेको हो ।

जमिन हुने तर काम गर्न नसक्ने वा नचाहिने व्यक्तिको निष्क्रिय जमिनको अभिलेख तयार गर्ने तथा अभिलेखीकरण भएको जमिन कसैले प्रयोग गर्न चाहेमा निश्चित रकम लिई उपलब्ध गराउनु यसको मुख्य कार्यक्षेत्र हो । बैंक सञ्चालनका लागि स्थानीय सरकारले कूल लागतको सबैभन्दा बढी ५० प्रतिशत, प्रदेश सरकारले २० र केन्द्र सरकारले ३० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ ।

बैंक सञ्चालनका लागि आवश्यक पर्ने तयारी पूरा भए पनि हालसम्म नियमवाली नआउँदा समस्या भएको मन्त्रालयका प्रवक्ता जनकराज जोशीले जानकारी दिएका छन् । 'कार्यविधि मस्यौदा पनि तयारी अवस्थामा छ । भू-उपयोग नियमावली आउन नसक्दा काम अघि बढ्न सकेको छैन, त्यसैले हामी नियमावलीको पर्खाइमा छौँ,' प्रवक्ता जोशीले भने, 'नियमावली आएसँगै काम सुरु गरिने छ ।'

यसअघि केपी ओलीको नेतृत्त्वकै सरकारका पालामा मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई नियमावलीको मस्यौदा पठाए पनि त्यसले पूर्णता पाउन नसक्दा काम सुरु हुनसकेको छैन । यसका लागि अवधारण र कार्यविधि पनि तयारी अवस्थामा रहेको छ । बैंक सञ्चालनका लागि सरकारले गत आर्थिक वर्षमा रु ५० करोड बजेट विनियोजन गरेको थियो । काम हुन नसक्दा उक्त बजेट खर्च हुन सकेन । चालु आवमा पनि सरकारले बैंक सञ्चालनका लागि बजेट विनियोजन गरेको छ ।

# हरित अभियान सुरु

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रतिनिधिसभा सदस्य तथा नेकपा माओवादी केन्द्रका नेता गिरीराजमणि पोखरेलको सक्रियतामा हरित अभियान सुरु गरिएको छ । हरित अभियान सञ्चालन समिति नै गठन गरी बढ्दो जयवायु परिवर्तनको असर न्यूनीकरणका साथै वातावरण सन्तुलनका लागि अभियान सुरु गरिएको जनाइएको छ ।

समितिको तर्फबाट नेता पोखरेलद्वारा आइतबार जारी विज्ञप्तिमा शनिबार प्रदेश २ का विभिन्न जिल्लामा वृक्षरोपण गरेर अभियान सुरु गरिएको जानकारी दिइएको छ । अभियानको पहिलो दिन महोत्तरीको गौशाला, बर्दिबास र भंगाहा नगरपालिकामा विभिन्न प्रजातिका विरुवा रोपिएको छ । यस अभियानको प्रथम चरणमा ३ लाख बिरुवा रोप्ने तयारी गरिएको छ । अभियानमा आबद्ध हुन सरोकारवाला संघ, संस्था, क्लब, समूहहरूलाई पनि आह्वान गरिएको छ ।

अभियानको सुरुआतपछि जारी विज्ञप्तिमा विश्वव्यापी चुनौतीको रूपमा आइरहेको वातावरणीय समस्याका कारण मानव जातिले विकराल समस्याहरू भोग्नु परिरहेको भन्दै त्यसलाई न्यूनीकरणका लागि अभियान सुरु गरिएको जानकारी दिइएको छ । त्यस्तै, जलवायु परिवर्तनका कारण मुलुक र विश्वको भौतिक र अर्थतन्त्रको विकासको परिकल्पना गर्न नसकिने भन्दै यसलाई उचित व्यवस्थापन गर्ने नीति अवलम्बन गर्नु नितान्त आवश्यकमा जोड दिइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'नेपालमा जलवायु परिवर्तनले गर्दा मनसुनी प्रणालीमा आएको फेरबदल र उत्पन्न भएन समस्याहरूसँग जुध्न विभिन्न तहबाट प्रयास आवश्यक भएको अवस्थामा, हरित अभियान एउटा मुख्य प्रयासको रूपमा समुदायस्तरबाटै स्वतः स्फूर्त रूपमा सञ्चालन गर्न र स्थानीय सरकारको अपनत्त्व सुनिश्चित गर्नका लागि यो अवधारणाको विकास गरिएको हो ।' त्यस्तै समितिले चुरे क्षेत्रमा बढिरहेको वन विनाश, अनियन्त्रित भू-उपयोग, अव्यवस्थित विकास निर्माण तथा अत्याधिक उत्खननजस्ता मानवीय क्रियाकलापले चुरेको वातावरणमा निरन्तर ह्रास भइरहेको जनाएको छ ।

विज्ञप्तिमा चुरेलाई दीर्घकालीन रूपले संरक्षण गर्नको लागी नदीको माथिल्लो तटीय क्षेत्र, मध्य तटीय क्षेत्र तथा तल्लो तटीय क्षेत्रका समुदायहरूको बीचमा भावनात्मक तथा सकारात्मक विचारको विकास हुनु जरुरी रहेको जोड दिइएको छ ।

समितिले अभियानले चुरे-मधेस-तराई क्षेत्रमा रहेका समुदाय र स्थानीय सरकारहरूलाई आबद्ध गरी बृहत् वृक्षारोपण, समुदायको जीविकोपार्जनमुखी संरक्षण, एकीकृत जलाधार व्यवस्थापनको अवधारणाअनुसार कार्यक्रम, पारिस्थितिक प्रणालीको पुनर्स्थाथापना, विपद् व्यवस्थापन, पारिस्थितिक प्रणालीमा आधारित कृषि, संवेदनशील क्षेत्रमा प्राकृतिक स्रोतको दोहनलाई नियन्त्रण र ज्ञान केन्द्रको अवधारणाका कार्यक्रम सञ्चालन गर्न समन्वयात्मक भूमिका निर्वाह गर्ने बताएको छ ।

हरित अभियान सम्पूर्ण मानव तथा प्रकृतिबीचको स्वस्थ सम्बन्धलाई पुनर्स्थाथापित गराउने पहल भएको उल्लेख गर्दै समितिले यसले समुदायले भोगिरहेका विभिन्न समस्याहरूलाई क्रमगत रूपमा निर्मूल पार्न सहयोग गर्ने बताएको छ । त्यस्तै, वातावरणीय समस्याहरूको समाधान गर्नका लागि सरकारी क्षेत्रबाट मात्रै पहल गरेर सम्भव नहुने भएकाले हरेक क्षेत्रले उत्तिकै प्राथमिकताका साथ अवलम्बन गर्नु पर्नेमा जोड दिइएको छ ।

समितिले प्राकृतिक स्रोतमा आश्रित समुदायले भोगेका जलवायु परिवर्तनको विकराल समस्यालाई कुनै एक पक्षले मात्रै समाधान गर्न सम्भव नभएको उल्लेख गर्दै समितिद्वारा जारी विज्ञप्तिमा सबै सरकारी, गैह्र सरकारी, निजी, नागरिक समाज, स्थानीय समुदाय, विद्यालयहरूले अभियानकै रूपमा लाग्ने समय भएको उल्लेख गरिएको छ ।

# इमाडोल-लामाटार सडक ६० मिटर बाँकी

**ललितपुर–** विस्तारका क्रममा रहेको इमाडोलबाट सिद्धिपुर हुँदै लामाटारसम्मको सडक निर्माण अन्तिम चरणमा पुगेको छ । निर्माण सुरु भएको चार वर्ष बित्न लाग्दा सात किमी लम्बाइको सो सडकमा झण्डै ६० मिटर मात्रै बनाउन बाँकी छ । गोदावरी खोला नजिकै रहेको एउटा घर भत्काउन ढिलाइ हुँदा सो सडक सम्पन्न हुन नसकेको काठमाडौं चक्रपथ विस्तार आयोजनाले जनाएको छ ।

केही समय अगाडि महालक्ष्मी नगरपालिकाले सो घर हटाएको थियो । अहिले सो क्षेत्रमा सडक निर्माणका लागि पर्खाल लगाउने काम जारी रहेको आयोजना प्रमुख गुरु अधिकारीले जानकारी दिएका छन् । उनले भने, 'अहिले अरु काम सकिएपछि वर्षापछि कालोपत्र गर्न सकिन्छ ।'

सो सडक २० मिटर चौडाइमा विस्तार गर्ने गरी ठेक्का सम्झौता भएको आयोजनाले जनाएको छ । सडकमा पैदलयात्रु मार्ग र ढलसमेत निर्माण गर्ने सम्झौतामा उल्लेख थियो । तोकिएको मापदण्ड अनुसार चौडाइमा सडक विस्तार गर्ने निर्माणस्थल खाली गर्न नसकिएकाले लामो समयसम्म पनि निर्माण अघि बढ्न नसकेको हो । ठेक्का सम्झौता गरिएपछि नै निर्माणस्थल खाली गर्न थालिएको थियो ।

यसपछि निर्माणस्थलमा रहेका रुख, बिजुलीको खम्बालगायतका विभिन्न संरचना हटाउन नसकिएको आयोजनाले जनाएको छ । सर्वोच्च अदालतलले विस्तारका सडकमा जतिजति सडक उपलब्ध हुन्छ त्यसैमा कालोपत्र गर्ने दुई वर्ष अगाडि आदेश दिएको थियो । आयोजनाले यसैका आधारमा विस्तार अघि बढाइरहेको प्रमुख अधिकारीले जानकारी दिए ।

यो सडक निर्माणको जिम्मेवारी डाँफे समानान्तर जेभी, आशिस सिएम ड्रागन जेभी र लामा समानान्तर जेभीले संयुक्तरूपमा पाएका थिए । आयोजनाले झण्डै पाँच वर्ष अगाडिदेखि काठमाडौं उपत्यकाका १० सडक र दुई सडक पुलको विस्तारको काम सुरु गरेको थियो । तीमध्ये अधिकांश स्थानमा तोकिएको अवधिमा निर्माण सम्पन्न हुन सकेको थिएन । विस्तारका सडकमध्ये त्रिपुरेश्वरबाट कलंकी हुँदै नागढुंगासम्मको सडक मात्रै सम्पन्न भएर डिभिजन सडक कार्यालयमा हस्तान्तरण भएको छ । विस्तार सुरु भएका बिजुलीबजार र तीनकुने पुलमध्ये बिजुलीबजार पुल सम्पन्न भएर सञ्चालनमा आइसकेको छ भने तीनकुनेस्थित पुलको ठेक्का सम्झौता रद्द भएको छ । रासस


आर.के.स्याउ प्रशोधन तथा फलफुल डिष्ट्रिलरी
चन्दननाथ नगरपालिका, वडा नं ६, बिजयनगर,जुम्ला
आ.व. २०७८।२०७९ को मूल्य सूची ।
मिति २०७८।०४।११ गतेबाट लागुहुने

| क्र.स. | ब्राण्डको नाम | छेत्रीय वितरक | वितरक | थोक बिक्रेता | खुद्रा बिक्रेता | अधिकतम खुद्रा मुल्य |
|---|---|---|---|---|---|---|
| १ | क्रिमसन ब्राण्डी २५ यू.पी ७५० मि.ली | १८६८८।- प्रतिकेश | २०१६०।- प्रतिकेश | २२२००।- प्रतिकेश | २४८४०।- प्रतिकेश | २८८००।- प्रतिकेश |
| २ | सन्देश ब्राण्डी २५ यू.पी ७५० मि.ली | ९८७४।- प्रतिकेश | १०६८०।- प्रतिकेश | ११८८०।- प्रतिकेश | १३३२०।- प्रतिकेश | १५६००।- प्रतिकेश |
| ३ | गोल्डस्पर ब्राण्डी ३० यू.पी ७५० मि.ली | ८३५०।- प्रतिकेश | ९०००।- प्रतिकेश | ९९००।- प्रतिकेश | ११०८०।- प्रतिकेश | १३२००।- प्रतिकेश |
| ४ | गोल्डस्पर वाइन ७५० मि.ली ११.५ v/v | ५६४९।- प्रतिकेश | ६१२०।- प्रतिकेश | ६७२०।- प्रतिकेश | ७५००।- प्रतिकेश | ९०००।- प्रतिकेश |


## आजको राशिफल

**ज्योतिषाचार्य रोदना घिमिरे**
**उपप्राध्यापक**

आज मिति २०७८ साल श्रावण १० प्रतिपदा उप्रान्त दितीया तिथि भएको हुंदा ११ गते सोमबार तृतीया तिथि श्रावण कृष्ण पक्ष : सुर्योदय ५: २४, सुर्यास्त १८ : ५५ ।

**मेष** यात्रामा समस्या आइपर्न सक्छ सचेत रहनुपर्ला ।

**वृष** राज्यको पक्षबाट भय को सामना गर्नुपर्ने हुनसक्छ ।

**मिथुन** व्यापार व्यवसायमा राम्रै आम्दानी हुंन सक्छ ।

**कर्कट** नसोचेको ठाउँबाट धन लाभ हुन सक्छ ।

**सिंह** स्वास्थ्यमा समस्या आइपर्न सक्छ सचेत रहनु पर्ला ।

**कन्या** लक्ष्मीका कृपाले धन लाभ हुंन सक्छ ।

**तुला** बस्त्र, अलंकारका सामानहरू प्राप्त हुनसक्छ ।

**वृश्चिक** अध्ययन अनुसन्धानका कार्यमा खासै रूचि नहुन सक्छ ।

**धनु** अतिथिको सेवा गर्ने मौका मिल्न सक्छ ।

**मकर** धार्मिक कार्यमा सक्रिय सहभागिता हुंन सक्छ ।

**कुम्भ** यात्रा गर्ने अवसर प्राप्त हुंदा सवारी सुख समेत मिल्न सक्छ ।

**मीन** नाता कुटुम्बसंग विवाद पर्दा मानसिक तनाव बढ्न सक्छ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्यामस अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन ११ गते, २०७८, २६ जुलाई २०२१)

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैया | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७७ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले ताकेको विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# कोरोना संक्रमितको संख्या बढ्न थालेपछि निषेधाज्ञामा कडाइ

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो २४ घन्टामा मुलुकभर कोरोना संक्रमितको संख्या बढ्न थालेपछि निषेधाज्ञालाई कडाइ गरिने भएको छ ।

पछिल्लो तथ्यांकअनुसार थप २ हजार २ सय ३७ जनामा कोरोना संक्रमण पुष्टी भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलब्ध गराएको तथ्यांक अनुसार १३ हजार ८ सय ३४ जनाको परीक्षण गर्दा २ हजार २ सय ३७ जनामा संक्रमण पुष्टी भएको हो ।

१० हजार ५ सय ६९ जनाको आरटीपिसिआर र ३ हजार २ सय ६५ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको थियो । त्यस्तै सोही समयमा २ हजार ५९ जना संक्रमण मुक्त भएका छन् । १८ जना संक्रमितको मृत्यु भएको छ ।

कोरोना संक्रमण दर बढेपछि झापाको दमक नगरपालिकाले एक साता निषेधाज्ञा लागू गर्ने भएको छ ।

नगरपालिकाले कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि साउन साउन ११ गते विहान ४ बजेदेखि




साउन १७ गते मध्यराति १२ बजेसम्म नगरपालिका क्षेत्रभित्र निषेधाज्ञा गर्ने विज्ञप्तिमार्फत जनाएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'दमक नगरपालिका क्षेत्रभित्र कोरोना भाइरस संक्रमण फैलँदो क्रममा रहेको हुँदा मिति २०७८ साउन ११ गते बिहान ४ बजेदेखि २०७८ साउन १७ गते मध्यराति १२ बजेसम्म नगरपालिका क्षेत्रभित्र निषेधाज्ञा लागू गरिएको सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।'

यस्तै नगरपालिकाले अनुमति नलिई अत्यावश्यक कामबाहेक घरबाट बाहिर ननिस्कन आग्रह गरेको छ भने व्यापार, व्यावसाय, उद्योग कलकारखाना, शिक्षण संस्था, सम्पूर्ण वित्तीय संस्था र सबै प्रकारका सवारीसाधन पूर्णरूपले बन्द हुनेछन् ।

यस्तै लुम्बिनी प्रादेशिक अस्पतालमा उपचाररत पाँच जना कोरोना संक्रमितको मृत्यु भएको छ । रूपन्देही र गुल्मीका २/२ जना र प्यूठानका एक जना गरी पाँच जना संक्रमितको १८ घन्टाको अवधिमा मृत्यु भएको हो ।

लुम्बिनी प्रादेशिक अस्पतालका सूचना अधिकारी डा. विष्णु गौतमका अनुसार मृत्यु हुनेमा रूपन्देहीको तिलोत्तमा नगरपालिका-५ की ३२ वर्षीया महिला, बुटवल उपमहानगरपालिका-७ का ४४ वर्षीय पुरुष, गुल्मीको चन्द्रकोट-५ का ५६ वर्षका पुरुष, गुल्मी इस्मा-५ का ७१ वर्षीय पुरुष र प्यूठानको सरुमारानी-२ की ६३ वर्षीय महिलाको उपचारको क्रममा मृत्यु भएको हो ।

उनीहरूमा असार २३ गतेदेखि साउन ४ गतेसम्म विभिन्न मितिमा कोरोना संक्रमण पुष्टि भएपछि अस्पताल भर्ना भएका थिए । उनीहरूको शनिबार साढे एक बजेदेखि आइतबार बिहान सवा ६ बजेको अवधिमा मृत्यु भएको लुम्बिनी प्रादेशिक अस्पतालले जनाएको छ ।

## संक्षिप्त

### फोटो दुरुपयोग गरी चरित्र हत्या गर्ने पक्राउ

**काठमाडौं(प्रस)–** राष्ट्रपति तथा प्रधानमन्त्रीको फोटो दुरूपयोग गरी चरित्र हत्या गरेको अभियोगमा झापा मेचीनगर नगरपालिका-६ बस्ने सोमप्रसाद घिमिरेलाई प्रहरीले पक्राउ गरेको छ ।

घिमिरेले राष्ट्रपति तथा प्रधानमन्त्रीको फोटो इडिट गरी ट्रोल भिडियो बनाई सामाजिक सञ्जाल टिकटकमा पोस्ट गरी चरित्र हत्या गरेको अनुसन्धानबाट खुल्न आएपछि प्रहरी प्रधान कार्यालय साइबर ब्युरो भोटाहिटीबाट खटिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय झापाको सहयोगमा उनलाई पक्राउ गरेको हो ।

उनीउपर जिल्ला अदालत काठमाडौंबाट शुक्रबार ७ दिन म्याद थप अनुमति प्राप्त गरी थप अनुसन्धान भईरहेको उक्त ब्युरोले जनाएको छ ।

### बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ



**काठमाडौं(प्रस)–** बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी बुढानिलकण्ठ नगरपालिका-४ हात्तिगौंडा बस्ने ४५ वर्षीया निता भण्डारीलाई आइतबार प्रहरीले पक्राउ गरेको छ ।

बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनको गत वैशाख ६ गतेको फैसलाले ४ दिन कैद र १० लाख रूपैयाँ जरिवाना ठहर भई फरार रहेकी उनलाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो महाराजगन्जबाट खटिएको प्रहरीले काठमाडौं बुढानिलकण्ठबाट पक्राउ गरेको हो । निताले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितलाई झुक्यानमा पारी मुक्तिनाथ विकास बैंकको चेक काटी दिई बैंकिङ कसुरजन्य अपराध गरेको ठहर गरी उच्च अदालत पाटनले उक्त फैसला गरेको थियो ।

उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेस गरिएको उक्त ब्युरोले जनाएको छ ।

### लागुऔषध सहित पक्राउ

**काठमाडौं(प्रस)–** चन्द्रागिरी नगरपालिका-२ नागढुंगाबाट करिब २ किलो ९ सय ग्राम अवैध लागुऔषध चरेश जस्तो देखिने गाँजाको खैरो धुलो पदार्थ सहित धादिङ गजुरी नगरपालिका-९ बस्ने ५५ वर्षीय सूर्य बहादुर तमाङलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

धादिङबाट काठमाडौंतर्फ आउँदै गरेको बा.४ ख ५०२४ नम्बरको बसलाई महानगरीय प्रहरी प्रभाग नागढुंगाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनको झोलाबाट उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं, चन्द्रागिरी नगरपालिका-२ नागढुंगाबाट करिब ५ सय ग्राम अवैध लागुऔषध गाँजाको धुलो सहित धादिङ धार्के गाउँपालिका-१ बस्ने १६ वर्षीय किशोरलाई शनिबार प्रहरीले पक्राउ गरेको छ ।

धादिङबाट काठमाडौंतर्फ आउँदै गरेको बा.३ ख १५९५ नम्बरको बसलाई जाँच गर्ने क्रममा बसमा सवार उनको साथबाट उक्त गाँजाको धुलोसहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

## पाठकसामु नियात्रासंग्रह 'फकलीको गाउँ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** लेखनाथ पोखरेलको नियात्रासंग्रह 'फकलीको गाउँ' पाठकमाझ आएको छ । पोखरेलले नेपालका सत्तरीभन्दा बढी जिल्ला र विदेशको केही ठाउँमा भ्रमणको सिलसिलामा देखेका, सुनेका, बुझेका र अनुभूत गरेका कुरालाई विषयवस्तु बनाएर पस्किएको कृति 'फकलीको गाउँ' पाठकमाझ आएको हो ।

यात्रावृत्तान्तमा आधारित विभिन्न शीर्षकमा दिएर बाइस गुच्छाहरूको संगालोको रूपमा तयार पारिएको कृतिमा लेखकले विविध प्रसंगको संग्रह गरेका छन् । कृतिमा ऐँसेलुखर्कको चिठ्ठा, मैले देखेको मधेस, लुइँचको सिकार, पशुपतिको टुँडाल, खार्पादेखि खार्पासम्म, लालबहादुर शास्त्रीसँगको भेट, अक्कुम आओ, बियरको पहिलो घुट्को, सिलाङ घुम्न जाँदा, मेरो पहिलो जागिर, ओलाङ्चुङ्गोलाको रोमाञ्चक यात्रा, ऐतिहासिक मिल्सएरिया, फकलीको गाउँ, ओडारका मान्छे, तमोरको खोँच, इलामदेखि सिंगापुरसम्म, दुल्लु पुग्दा, नेपाल बन्द, वरुण उपत्यकादेखि बाह्रबिसेसम्म, रिडीको खास्टो, हिमालपारिको जिल्ला जाँदा र मेलवर्न घुम्न जाँदाजस्ता शीर्षकमा लेखकले यात्रा गर्दा देखेका, भोगेका, अनुभव गरेका र ऐतिहासिक तथ्य पस्केका छन् । धरणीमा मेरो यात्राबाट सुरु गरिएको कृतिमा सम्बन्धित केही तस्बिरहरू पनि समावेश गरिएको छ ।

कृतिमा लेखकले उनका जीवनका बाल्यकालदेखि यौवनसम्मका स्मृतिहरू, विद्यार्थीकालका अनुभव र अनुभूतिहरू, जागिरे जीवनका भोगाइहरू र अवकाश प्राप्त जीवनका अनुभवहरू जस्ता चार कालखण्डलाई बढो रोचक, सन्देशमूलक, तथ्यपरक र ज्ञानबद्धक रूपमा पस्किएको साहित्यकार खेमनाथ दाहाल बताउँछन् । 'लेखक लेखनाथ पोखरेलले अत्यन्तै सरल भाषा र पठनीय शैलीमा ऐतिहासिक, भौगोलिक, सांस्कृतिक, राजनीतिक र राष्ट्रियचेतले ओतप्रोतयुक्त यात्रा विवरणका रूपमा प्रस्तुत गरेका छन् कृतिमा,' स्रष्टा दाहालले भने ।

आफूले देखेका भोगेका अनुभूति र यात्रा विवरणलाई यस कृतिमा उतार्ने कोसिस गरेको भन्दै लेखक पोखरेलले भने, 'आफ्नो अतीतलाई उधार्ने र आफ्नो स्मृतिलाई तिखार्ने प्रयासपछि बितेका क्षणका अनगिन्ती कुराको स्मणको ठूलै संगालो आफूभित्र जम्मा हुन पुग्यो, ती सबै संस्मरणलाई लिपिबद्ध गर्ने जमर्कोले यो कृति तयार भएको हो ।'

पत्रकार लेखक कृष्ण भुसालले सम्पादन गरेको कृतिमा साहित्यकार खेमनाथ दाहालको भूमिका छ भने रमेश दाहालको आवरण/आकृति/वर्णविन्यास रहेको छ ।

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL RAIS TRADING EST
पूर्व स्वीकृति मिति २०७८/०१/०२ पुन : विज्ञापन स्वीकृति मिति २०७८/04/१० LT. No. :239178 चलानी नं. ६०१५७४९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 3 | 0 | 1000 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Deemah stone qatar
पूर्व स्वीकृति मिति २०७८/०१/१४ पुन : विज्ञापन स्वीकृति मिति २०७८/04/१० LT. No. :239770 चलानी नं. ६०१५७९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 30 | 0 | 1000 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Reberu Restaurant
पूर्व स्वीकृति मिति २०७७/१२/१३ पुन : विज्ञापन स्वीकृति मिति २०७८/04/१० LT. No. :237772 चलानी नं. ६०१५७९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cooker | 1 | 0 | 3700 | १,२०,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : WEQAYA SECURITY SERVICES GROUP
पूर्व स्वीकृति मिति २०७७/१२/२६ पुन : विज्ञापन स्वीकृति मिति २०७८/04/१० LT. No. :238893 चलानी नं. ६०१५७९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 7 | 0 | 1500 | ४८,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: श्राजण १८ गते (2nd Aug 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4385474, 4385586, Fax: +977-1-4385806

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Delta Company Limited
पूर्व स्वीकृति मिति : २०७८/04/१० LT. No.242739 चलानी नं. ६०१५७३४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 4 | 0 | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा साउन १८ गते (2nd Aug 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैं | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Amity Global Employment Services Pvt. Ltd.** श्रम ईजाजत नं. ४६७/०६०/०६१
Ranibarimarga, Samakhushi 26 P.O. Box: No :8978, CPC 60, Kathmandu, Nepal. Tel: 4390366, 4390466
Email: recruitment@amityglobalgroup.com, URL: amityglobalgroup.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HIND ABDULLAH NAJM AL BADI MANUFACTURING FACTORY
पूर्व स्वीकृति मिति : २०७८/०५/०८ LT. No. : 242930 चलानी नं. ६०१६०५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver Public | 1 | 0 | 1800 | ५६,९९० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Automated cement brik press operator | 1 | 0 | 1200 | ३७,९९० | | | | | | | |
| 3 | Concrete missing unit operator | 1 | 0 | 1200 | ३७,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: श्रावण १८ गते (2nd Aug 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Abdul aziz a abu bushait and partners company
पूर्व स्वीकृति मिति : २०७८/03/३१ LT. No.240813 चलानी नं. ६०१५८७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | METAL SCAFFOLDING INSTALLATION LABOR | 5 | 0 | 1200 | ३७,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

कम्पनी : EMAAR ENERGY SUPPORT EST.
पूर्व स्वीकृति मिति : २०७८/04/07 LT. No.241885 चलानी नं. ६०१५०४७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Admin Clerk | 01 | 0 | 1500 | ४७,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा श्रावण १८ गते (2nd Aug 2021) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**धनगढी –** खेलकूदको महाकुम्भ हो ओलम्पिक । यसैले हरेक खेलाडीको ओलम्पिक खेल्ने सपना हुन्छ । यसमा सहभागी हुने मात्र खेलाडीको इच्छा हुन्न । सहभागिता जनाउने खेलाडी हरसम्भव पदक चुम्ने प्रयास गर्छ । सपना देख्दैमा र इच्छा हुँदैमा पदक प्राप्त गर्न भने सम्भव छैन ।

खेलाडीको आफ्नो मेहनतले मात्र पदक पाउन कठिन छ । यसका लागि राज्यको लगानी आवश्यक छ । नेपाली खेलाडीले सन् १९६४ को टोकियो ओलम्पिकदेखि सहभागिता जनाउन थालेका हुन् । हालसम्म नेपाली खेलाडीले पदक प्राप्त गर्न भने सकेका छैनन् । ओलम्पिक सहभागितामा मात्र सीमित बनेको छ ।

सन् १९८८ को दक्षिण कोरियाको सिउलमा भएको ओलम्पिकमा सहभागी कञ्चनपुरका बक्सर विष्णुबहादुर सिंहले भने एउटा बाउट जितेका थिए । सो ओलम्पिकमा उनीसँगै डम्बरदत्त भट्ट पनि सहभागी भएका थिए । हाल सुदूरपश्चिम खेलकुद प्रशिक्षण विभागको नेतृत्वमा रहेका ओलम्पियन सिंहले सिउल ओलम्पिकमा पाराग्वेका खेलाडीलाई पराजित गरेका थिए ।

सोही संस्करणमा सहभागी तेक्वान्दोका खेलाडी विधान लामाले कास्य पदक जिते पनि त्यो बेला तेक्वान्दो प्रदर्शनी खेलका रूपमा मात्र समावेश भएकाले त्यसले पदकको मान्यता पाउन सकेन् । बक्सिङका वरिष्ठ प्रशिक्षक एवं ओलम्पियन विष्णुबहादुर सिंहले सिउल ओलम्पिकमा पहिलो खेल पाराग्वेका खेलाडीलाई पराजित गरेका थिए । 'दोस्रो खेल अमेरिकासित परेको थियो', उनले भने, 'खेल्दै गर्दा दोस्रो राउण्डमा रेफ्रीले खेल नै रोके ।' उनले दोस्रो खेलमा रेफ्री अलमलमा पर्दा आफ्नो खेल अधुरैमा रोकिएको बताए । 'रिङको कर्नरमा लगेर प्रहार गरिरहेको थिए', उनले भने, 'रेफ्रीले मलाई खेल्न नसक्ने भन्दै खेल नै रोके ।'



उनले ओलम्पिकमा सहभागी हुनुपुर्व दुई महिना थाइल्याण्डमा बन्द प्रशिक्षणमा बसेको बताए । 'नेपालबाट बन्द प्रशिक्षणका लागि बक्सिङ खेलका सात जना गएका थियौं,' सिंहले भने, 'दुई जना खेलाडीको स्तर नपुगेको भन्दै नेपाल फर्कादिएको थियो ।' उनले नेपाली खेलाडीले पदक जित्ने आशा लिए पनि स्तर भने नपुगेको बताए । 'अरुहरूको चार वर्षे, आठ वर्षे तालिम योजनासहित खेलाडी प्रशिक्षणमा हुन्छन्,', उनले भने, 'हाम्रो तालिमको स्तर नै पुग्दैन ।' उनले खेलाडीलाई वैदेशिक प्रशिक्षण तथा अन्तरराष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराइराख्नुपर्नेमा जोड दिए ।

'हरेक खेलाडीले ओलम्पिक खेल्ने चाहना राख्नसक्छन्,' सिंहले भने, 'तर बक्सिङमा हामीपछि अहिलेसम्म नेपाली बक्सर पुग्न सकेका छैनन् ।'

यसैगरी डडेल्लधुराकी सरस्वती भट्टराई रियो ओलम्पिकमा एथ्लेटिक्समा सहभागी भएकी थिइन् । हाल उनी त्रिभुवन आर्मी क्लबमा आबद्ध छिन् । त्यसैगरी सोल ओलम्पिकमा सहभागी अर्का बक्सर डम्बरदत्त भट्ट नेपाली खेलाडीहरूको स्तर पदक जित्ने अझै भइनसकेको बताए । ' अहिले सहभागिता मात्रै होला जस्तो छ,' उनले भने, 'योजना बनाएर खेलाडीलाई प्रशिक्षणमा गराउन सकिएको छैन ।' उनले खेलाडीलाई सधैं बन्द प्रशिक्षण आवश्यक रहने बताए ।

'उदायमान खेलाडीलाई छुट्टै राखेर अध्ययापनलगायतका प्रबन्ध मिलाउनुपर्छ,' उनले भने, 'राष्ट्रियस्तरको प्रदर्शनले मात्रै बाहिरका प्रतियोगितामा पदकको आश गर्नु बेकार कुरो हो ।' खेलकूदको उर्वरभूमि सुदूरपश्चिम प्रदेशबाट ओलम्पिकसम्मको यात्रा तय गर्ने खेलाडीमा दिपक विष्ट पनि हुन् । उनले सन् २००८ को बेइजिङ ओलम्पिकमा तेक्वान्दो खेलमा सहभागिता जनाएका थिए । हाल टोकियो ओलम्पिकमा सहभागी पौडीकी गौरिका सिंहको पुर्खौली घर सुदूरपश्चिमको बझाङ हो ।

स्वदेशको प्रशिक्षणको मात्र भरपर्नु परिरहेको ओलम्पियन दिपक विष्ट बताउँछन् । स्वदेशको प्रशिक्षणले मात्र पदक प्राप्त सहज नहुने हुँदा सरकारले खेलाडीलाई विदेशमा प्रशिक्षणाको व्यवस्था गर्नुपर्नेमा उहाँको जोड छ । ओलम्पिक यात्राको ५७ वर्षपछि नेपालका पाँच खेलाडी हाल टोकियोमा जारी ३२औं गीष्मकालीन ओलम्पिकमा प्रतिस्पर्धा गरिरहेका छन् ।

प्रत्येक चार वर्षमा हुने ओलम्पिक यसपटक कोरोना भाइरसको महामारीका कारण एक वर्ष ढिला शुरु भएको हो । कोरोनाका कारण खेल स्थलमा दर्शकलाई प्रतिबन्ध लगाइएको छ । टोकियो ओलम्पिकमा ३३९ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुँदैछ । यसका लागि ११ हजार ९१ खेलाडी खेल मैदानमा छन् । नेपालबाट पौडीमा गौरिका सिंह र एलेक्स शाह, एथ्लेटिक्समा सरस्वती चौधरी, सुटिङमा कल्पना परियार र जुडोमा सोनिया भट्टले सहभागिता जनाएका छन् ।

# कोप–२६ सम्मेलनभन्दा पहिले बेलायतद्वारा ५१ देशका वातावरणमन्त्रीसँग छलफल

**लन्डन–**सन् २०२१ को नोभेम्बरमा बेलायतको आयोजनामा स्कटल्याण्डको ग्लासगोमा हुने संयुक्त राष्ट्रसंघ जलवायु सम्मेलन (कोप–२६) भन्दा पहिले बेलायतले जलवायु परिवर्तन समस्याबारे विभिन्न ५१ देशका जलवायु तथा वातावरण मन्त्रीसँग छलफलको आयोजना गर्ने भएको छ ।

बेलायत सरकारका मन्त्री तथा कोप–२६ शिखर सम्मेलनका अध्यक्ष आलोक शर्माको संयोजकत्वमा हुने भेलाले शिखर सम्मेलनमा 'समाधानको आवश्यक पर्ने मुख्य मुद्दा'लाई तय गर्ने बताइएको छ ।

शर्माद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'वातावरण मन्त्रीको यो भेलाले जलवायु समस्याबारे साझा धारणा निर्माण गर्ने र ग्लासगो सम्मेलनको रूपरेखा तयार गर्नेछ ।'

वातावरण र जलवायुमामिला मन्त्रीको बैठकमा अमेरिका, भारत र चीनकालगायतका देशबाट पनि सहभागिता हुने बताइएको छ । बैठकमा भर्चुअल र भौतिक दुबै प्रकारको उपस्थिति हुने बताइएको छ । यो विगत १८ महिनाको अवधिमा हुने मन्त्रीस्तरीय पहिलो प्रत्यक्ष भेला हुनेछ ।

शर्माले भने, 'हामीले हाम्रो ग्रहमा खतरनाक समयको सामना गरिरहेका छौं । देश एउटै बाटोमा अघि बढे मात्र यसको भविष्यको रक्षा गर्ने एक मात्र तरिका हुनेछ ।' 'ग्लासगोमा भेला भएका हामीलाई निर्णायक यस दशकमा के गर्न आवश्यक छ र के हुनेछ भनी विश्व समुदायले हाम्रो निर्णयको प्रतिक्षा गर्नेछ ।'

'हामीसँगै मिलेर समस्याबारे साझा आधार खोज्नु र सामूहिकरूपमा हामी कसरी आफ्ना बच्चा र भविष्यका पुस्ताको लागि हरियाली, उज्जवल भविष्य निर्माण गर्न सक्छौं यसको नतिजा निकाल्नु कोप–२६ को उद्देश्य हुनेछ ।'

यस कार्यक्रमले १.५ सेन्टिग्रेड तापमान वृद्धि सीमालाई कायम राख्ने, जलवायु वित्त, जलवायु परिवर्तनलाई अनुकूल बनाउन प्रयास गर्ने, र पेरिस सम्झौताको कार्यान्वयनको लागि 'रूलबुक' लाई अन्तिमरूप दिने जस्ता विषयको अन्वेषण गर्ने लक्ष्यलाई समेटेको छ । (रासस/एएफपी)

# लकडाउनको विरोध प्रदर्शन प्रधानमन्त्री मोरिसनद्वारा निन्दा

**सिड्नी–** अष्ट्रेलियाका विभिन्न राज्यमा सङ्क्रमण फैलिन थालेपछि सिड्नीलगायतका सहरमा सरकारद्वारा जारी लकडाउन र स्वास्थ्य सङ्कटकालको विरोधमा विभिन्न सहरमा ठूला प्रदर्शन भएका छन् । सिड्नी, ब्रिस्बेन र मेल्बर्नमा भएका प्रदर्शनमा प्रदर्शनकारी बढी आक्रामक बनेका खबर प्राप्त भएका छन् । सिड्नीमा प्रदर्शनकारीले घोडसवार प्रहरीमाथि विभिन्न वस्तुले प्रहार गरेका एक अधिकारीले दावी गरे ।

सरकारले महामारी सङ्क्रमण नियन्त्रणका लागि घोषणा गरेको लकडाउन तथा स्वास्थ्य सङ्कटकालको उपायको विरोध गर्दै शनिवार भएका लकडाउनविरोधी ठूला प्रदर्शनको अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसन निन्दा गरेको छ । प्रदर्शनका सहभागीलाई 'स्वार्थी तथा स्वयं पराजित व्यक्ति'को सङ्ज्ञा दिँदै तिनले कोरोनाभाइरस फैलाउने जोखिम भएको प्रधानमन्त्री मोरिसनले बताए ।

मोरिसनले न्यू साउथ वेल्स राज्यमा फैलिएको कोरोनाभाइरसको डेल्टा भेरिअन्टलाई नियन्त्रण गर्न एक महिना लकडाउनलाई निरन्तरता दिनुबाहेक अरू कुनै चामत्कारिक उपाय नभएको उनले बताए । यसैबीच न्यू साउथ वेल्सकी सरकार प्रमुखले सिड्नीमा भएको प्रदर्शनप्रति चर्को असन्तुष्टि व्यक्त गर्दै कडा निषेधाज्ञा प्रभावकारी रहेको बताएको छ ।

विगत २४ घण्टामा न्यू साउथ वेल्समा कोभिड–१९ का कारण थप दुई व्यक्तिको निधन भएको छ । अधिकारीका अनुसार शनिबार भएका प्रदर्शनका क्रममा ५७ प्रदर्शनकारी पक्राउ परेका छन् । अस्ट्रेलियाको सरकारले सङ्क्रमणको नयाँ लहर सुरु भएपछि देशभरि पुनः लकडाउन लगाएको छ । अतिसङ्क्रामक 'डेल्टा भेरिअन्ट'को आगमनसँगै त्यहाँ विगतमा अपनाइएको सीमा बन्द गर्ने, क्वारन्टीन कार्यक्रम सञ्चालन गर्ने र बेलाबेलामा लकडाउन गर्ने रणनीतिले चुनौतीको सामना गरिरहेको छ ।

विकसित देशमध्ये सबैभन्दा न्यून खोप लगाउने दर अस्ट्रेलियामा छ । त्यहाँ अहिलेसम्म १४ प्रतिशतभन्दा कम व्यक्तिले खोप लगाएका छन् । जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्कअनुसार अस्ट्रेलियामा हालसम्म ३२ हजार ५९४ जनामा सङ्क्रमण भएको र ९१६ जनाको कोभिड–१९ का कारण मृत्यु भएको देखेन्छि । (रासस/एएफपी)

# चार करोड ३३ लाखभन्दा बढी खोपबाट लाभ लिन सफल

**नयाँ दिल्ली–**भारतमा विगत २४ घण्टामा कोभिड–१९ बाट सङ्क्रमितको थप सङ्ख्या ३९ हजार ७४२ रहेको संघीय स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी गराएको छ । यो अवधिमा कोभिड–१९ सङ्क्रमित ५३५ व्यक्तिको मृत्युभएको पुष्टि गरिएको छ । भारतमा आइतबारसम्ममा सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख आठ हजार २१२ रहेको छ भने अहिलेसम्म कोभिड–१९ सङ्क्रमण भई निको हुनेको सङ्ख्या तीन करोड पाँच लाख ४३ हजार १३८ पुगेको छ । अहिलेसम्म कोभिड–१९ सङ्क्रमित चार लाख २० हजार ५५१ व्यक्तिको मृत्यु भएको छ । (रासस/एएनआई)

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEAN OF THE PIECES FOR AUTO SPARE PARTS

पूर्व स्वीकृति मिति : २०७८/04/0८ LT. No.242457 चलानी नं ६०१५४५९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 1 | 0 | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: श्रावण १८ गते (2nd Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैँले | रु.७००/– कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pashupati HR Solution Pvt. Ltd.**
Battisputali-9 Gaushala, Bijay Chowk, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 01-4110300, 4110479
www.pashupatihr.com.np
श्रम ईजाजत नं. १४००/०७४/०७५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL Mehthel General Contracting Est.

पूर्व स्वीकृति मिति २०७८/03/३१ पून विज्ञापन स्वीकृति मिति २०७८/04/१0 LT. No. 242493 चलानी नं. ६०१५३५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 25 | 0 | 1900 | ६०,१५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labours | 23 | 0 | 1000 | ३१,६६० | | | | | | | |

कम्पनी : Sunflower trading & transport services co w ll

पूर्व स्वीकृति मिति २०७७/११/२५ पून विज्ञापन स्वीकृति मिति २०७८/04/१0 LT. No. 237429 चलानी नं. ६०१५३४३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 2000 | ६३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: श्रावण १८ गते (2nd Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Minawa Recruitment H.R. Pvt Ltd** (Eshaman Manpower Pvt Ltd)
Sinamangal-9, Kathmandu, Nepal,Ph. No:01-4112754
Email:info@minawarecruitment.com
Govt. License No.1168/073/074

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOUSTON OPERATION AND MAINTATENECE CO. LTD

पूर्व स्वीकृति मिति : २०७८/0१/03 पून विज्ञापन स्वीकृति मिति : २०७८/04/१0 LT. No. 239829 चलानी नं. ६०१५८०५0

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 10 | 0 | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Establishment tasleem transportation and supply of all products of crushers

पूर्व स्वीकृति मिति : २०७७/१२/२२ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/१0 LT. No. 238252 चलानी नं. ६०१५८०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 5 | 0 | 1800 | ५६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAFL LOGISTICS COMPANY

पूर्व स्वीकृति मिति : २०७८/0१/0६ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/१0 LT. No. 239484 चलानी नं. ६०१५८०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labor | 10 | 0 | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

कम्पनी : Abdur Rahman Ali Al Busaili Sons Company For Elect. & Mechanical Works

पूर्व स्वीकृति मिति : २०७८/03/३१ पून विज्ञापन स्वीकृति मिति : २०७८/04/१0 LT. No. 239484 चलानी नं. ६०१५८०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 10 | 0 | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा श्रावण १८ गते (2nd Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JBR Associates Pvt. Ltd.**
श्रम ईजाजत नं. ५१०/०६१/०६२
Kalimatidol, Sinamangal, Ktm, Nepal, Phone No.: +977 1 4478614, 4478115,
Mob No : 9801017866, 9841268351, 9813775981 Pokhara : 9856027539, 9856028841
E-mail : info@jbrassociate.com , Website : www.jbrassociate.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Restaurant Dinner and Lunch to Serve Meals

पूर्व स्वीकृति मिति : २०७८/0२/२२ LT. No. 241048 चलानी नं. ६०१५८९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 2 | 0 | 1200 | ३७,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा साउन १८ गते (2nd Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
श्रम ईजाजत नं. ११०८/०७३/०७४
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AWAD AWWAD AL RASHIDI TRANSPORT EST.

पूर्व स्वीकृति मिति २०७८/0१/२0 पून : विज्ञापन स्वीकृति मिति : २०७८/04/१0 LT. No. 240260 चलानी नं. ६०१५९६७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 4 | 0 | 1900 | ६०,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालयमा श्रावण १८ गते (2nd Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
Basundhara Chowki-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np
श्रम ईजाजत नं. १०००/०६८/०६९

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Wedir Tech Trading Contracting & Services WLL

पूर्व स्वीकृति मिति :२०७८/03/0२ LT. No. 240339 चलानी नं.१६०१५८७६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WELDER | 2 | 0 | 1200 | ३९,१३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | PLUMBER | 2 | | 1200 | ३९,१३० | | | | | | | |
| 3 | Foreman | 1 | | 2500 | ८१,५२५ | | | | | | | |

कम्पनी : Gulf style trading and contracting

पूर्व स्वीकृति मिति :२०७८/0१/0२ LT. No. 238986 चलानी नं.१६०१५७४०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LCarpenter | 2 | 0 | 1200 | ३९१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Prima international

पूर्व स्वीकृति मिति :२०७८/04/१0 LT. No. 242785 चलानी नं.१६०१५७९८५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cook | 4 | 0 | 1400 | ४४,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Prima international

पूर्व स्वीकृति मिति :२०७८/04/१0 LT. No. 242784 चलानी नं.१६०१५७९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 4 | 0 | 1800 | ५६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TRIPLE PLUS TO PROVIDE MEALS CO.

पूर्व स्वीकृति मिति :२०७८/04/१0 LT. No. 242782 चलानी नं.१६०१५७९८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Labor | 2 | 0 | 1300 | ४१,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा श्रावण १८ गते (2nd Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क: नि:शुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com


## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखटटे, नया'बजार फोन **नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-निमंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोनं. ४३६४७१ । ध्रुवको पसल - डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 ।** दन्तकाली स्टेशनरी - नया' बसपार्क **फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञानज्योती पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र संचार -ुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ ।** हिमचुली **स्टेशनरी - बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी - गटठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी -विश्वज्योति हल ईडमा),** बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर - **कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक: ०१-४२७१३२२ । दाजुभाई स्टेशनरी - पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९,** ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन** जमल, काठमाडौं' सम्पर्क : ०१-४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९०५००।- | प्रति तोला - ९००००।- | प्रति तोला - १३००।- |



**तरकारी व्यापार** : उपभोक्ताको प्रतिक्षामा बसेका तरकारी व्यापारी भक्तपुरको पलासे नजिकै सडक छेउमा तरकारी बेच्न बसेका व्यापारी। तस्बिर : प्रदीपराज वन्त/रासस

# ऐतिहासिक बिन्दुमा नेप्से

## ५४ अंकले बढ्दा ३०५८ पुग्यो परिसूचक

■ प्रभाव संवाददाता

काठमाडौं- नेप्से परिसूचकमा ऐतिहासिक रेकर्ड कायम भएको छ। धितोपत्र बजारमा शेयर कारोवार मापक नेप्से परिसूचक आइतबार उच्च अंघले वृद्धि भएको छ। गत साता सामान्य अङ्कले सुधार भएको बजारमा यस साताको पहिलो कारोवार दिन नै नेप्समा ५४.३१ विन्दुले उकालो लागेर तीन हजार ५८.६३ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोवार मापन गर्ने सेन्सेटिभ परिसूचक ११.७४ विन्दुले बढेर ५७४.०२ मा पुगेको छ। नेप्सेमा उच्च अंकको वृद्धिसँगै कारोवार रकम पनि उल्लेख्य वृद्धि भएको छ। कूल २२३ कम्पनीको चार करोड ३९ लाख ३९ हजार २१२ कित्ता शेयर रु १४ अर्ब २३ करोड २४ लाख १७ हजार ४७२ मूल्यमा खरिद बिक्री भए।

कारोवार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर ओरालो लाग्दा ११ उपसमूहको शेयर उकालो लागेको छ। होटल तथा पर्यटन २२.५ र सामूहिक लगानी कोष ०.२४ विन्दुले घटेको छ। यस्तै, बैंकिङ ७२.१४, व्यापार २.७१, विकास बैंक १३, जलविद्युत् ७१.६, निर्जीवन बीमा ४८.४२, उत्पादन ७१.८६, अन्य ६.६, लघुवित्त ८६.२३, जीवन बीमा ३०.८६ र लगानी ०.०४ विन्दुले बढेको छ।




कारोवारका आधारमा नेपाल बैंक शीर्ष स्थानमा रहेको छ। सो बैंकको रु ४९ करोड ७६ लाख ६५ हजार १८२ मूल्यमा खरिद बिक्री भए। यस्तै, ग्लोबल आइएमई बैंक रु ४९ करोड ४४ लाख ३९ हजार , एनसिसी बैंक रु ३४ करोड ७८ लाख ९८ हजार ५६८, अरुण काबेली पावर रु ३४ करोड दुई लाख ६५ हजार ५३७ र एनआइसि एशिया बैंक रु ३३ करोड ८० लाख ४५ हजार ३५१ बराबरको कारोवार भई शीर्ष स्थानमा रहेको छ।

नेप्सेका अनुसार विशाल बजार कम्पनी, ङादी ग्रुप अफ पावर, सर्पोट माइक्रोफाइनान्स राधी विद्युत् कम्पनी पञ्चकन्या माई हाइड्रोपावर, कालिका पावर कम्पनी, जोशी हाइड्रोपावर, युनिभर्सल पावर र हमालयन ऊर्जा विकास कम्पनीको शेयरमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ।

लक्ष्मी उन्नती कोष ३.९५, कुमारी इक्विटी फण्ड ३.७०, लक्ष्मी बैंकको ऋणपत्र ३.३०, ओरियन्टल होटल २.८८ र प्रभु सेलेक्ट फण्डका लगानीकर्ताले २.७३ प्रतिशतले गुमाए। आजको कारोवारपछि बजार पूँजीकरण रु ४२ खर्ब ५४ अर्ब ७५ करोड ३० लाख ३३ हजार ७५६ बराबर पुगेको छ।

### ऊर्जा मन्त्रीको प्रश्न

# डेडिकेटेड र ट्रंक लाइनको महसुल उठाउन कतिपटक पहल भयो ?

■ रमेश लम्साल/रासस

**काठमाडौं** – सरकारले लामो समयदेखि विवादको घेरामा रहेको डेडिकेटेड र ट्रंक लाइनको महसुल उठाउन स्वयम् नेपाल विद्युत् प्राधिकरणलाई नै जिम्मेवार बनाउने भएको छ। प्राधिकरणमा आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले प्राधिकरणका जिम्मेवार कर्मचारीले किन महसुल उठाउन सकेनन्, के कारणले रोकियो भन्ने बारेमा आफूलाई स्पष्ट जवाफ चाहिने बताइन्।

चरम लोडसेडिङको समयमा ३०९ उद्योगी तथा व्यवसायीले सो प्रणालीमार्फत बिजुली लिएका थिए। कूल १५ अर्ब ४३ करोड बराबरको महसुल उठाउन बाँकी छ। मन्त्रिपरिषद्ले अध्ययन समिति गठन गरी महसुल उठाउने जिम्मा यसअघि नै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय र प्राधिकरणलाई दिइसकेको छ।

प्राधिकरण महसुल उठाउन सक्दैन। उद्योगी तथा व्यवसायी आफूहरूले प्रयोग नै नगरेको बिजुलीको महसुल किन तिर्ने भन्नेमा छन्। नेपाल उद्योग वाणिज्य महासङ्घले त महसुल विवादका सन्दर्भमा लविङ नै थालेको छ। प्राधिकरणले पहल नगरेको भने होइन, किस्ता बन्दीमा तिर्ने सुविधा दिएको तर गत असार मसान्तसम्म किस्ता बन्दीमा तिर्ने गरी निवेदन दिनेमा दुई उद्योग प्रतिष्ठान मात्रै देखियो।

विभिन्न उच्च अदालतले महसुल उठाउन प्राधिकरणलाई मार्ग प्रशस्त नै गरिदिइसकेको छ। सामान्य नागरिकले दुई महिनासम्म बिजुलीको महसुल नतिर्दा लाइन काट्न जाने प्राधिकरण अर्बौं रकम नतिर्ने उद्योगी व्यवसायीको लाइन काट्न हात कमाउने अवस्थामा पुगेको छ।

मन्त्री भुसालको प्रश्न छ, 'लामो समयसम्म महसुल किन उठ्न सकेन ? त्यसको जिम्मेवार को हो ? यो मन्त्री, प्रधानमन्त्रीको तहमा पुग्नुपर्ने विषय हो ?' उनले विसं २०७२ देखि २०७८ हालसम्म महसुल उठन नसकेका औद्योगिक करिडोरमा रहेका प्राधिकरणका कर्मचारीले के कस्तो काम गरे भन्ने बारेमा स्पष्ट विवरण उपलब्ध गराउन र सोहीअनुसार अगाडि बढ्न प्राधिकरणको नेतृत्वलाई निर्देशन दिइन्।

मन्त्री भुसालले भने, 'महसुल उठाउन हामीले कतिको सहजीकरण गऱ्यौं ? उद्योगी व्यवसायीसँग कति पटक छलफलमा बस्यौं। उनीहरूलाई कति पटक आग्रह गऱ्यौं ? कुनै उपाय सुझायौं ?' यो विषय कर्मचारीको कार्यसम्पादन मूल्यांकनको क्षेत्रमा पर्छ कि पर्दैन भन्ने प्रश्न गर्दै मन्त्री भुसालले जोड दिएर भनिन्, 'कुनै पनि कर्मचारी जिम्मेवारीबाट भाग्न मिल्दैन, दिइँदैन।' महसुल उठाउनुपर्नेमा जोड दिँदै उनले जिम्मेवार भएर, विधि, पद्धति र कानूनअनुसार काम गर्न प्राधिकरणका कर्मचारीलाई निर्देशन दिइन्।

उनले विसं २०७२ देखि औद्योगिक करिडोरमा रहेका सबै कर्मचारीको तथ्याङ्क केलाएर महसुल किन उठेन भनेर खोजी गर्न आग्रह गरिन्। उनले भनिन्, 'प्राधिकरण सञ्चालक समितिको बैठकबाटै मैले यो विषय प्राधिकरणमा फर्काइदिएको छु। अब तपाईंहरू लाग्नुस्, महसुल उठाउनुस् तर जिम्मेवार भएर। उद्योगी व्यवसायी पनि राज्यका सहयोगी हुन्, उनीहरूलाई समेत विश्वासमा लिएर काम गर्नुस्।'

विवादका कारण महसुल उठाउन नसकेको प्राधिकरणले किस्ता बन्दीमा भए पनि तिर्न उद्योगी व्यवसायीलाई यसअघि नै आग्रह गरेको थियो। बुटवल, भैरहवाका व्यवसायीले त महसुल नतिर्ने घोषणा नै गरिसकेका छन्। विवाद बढ्दै जाँदा सो विषय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, विद्युत् नियमन आयोग र मन्त्रिपरिषद्सम्म पुगेको थियो। कुनै पनि निकायबाट स्पष्ट निर्णय भएको छैन। ती निकायले पनि प्राधिकरणलाई नै आवश्यक निर्णय गर्न भनेको अवस्था छ। मन्त्री भुसालले पनि प्राधिकरणलाई पुनः आफ्नो जिम्मेवारी सम्झाएकी हुन्।

सङ्घीय संसद्को सार्वजनिक लेखा समितिले समिति सदस्य डा मीनेन्द्र रिजाल नेतृत्वमा उपसमिति गठन गरी सो विषयमा छानविन गरेको थियो। समितिको २०७६ साउन ५ को बैठकले छानविन समिति गठन गरी लामो समय लगाएर अध्ययन गरेको थियो। महसुल उठाउने निर्णय गैरकानूनी भएको भन्दै डेडिकेटेड लाइन लिएका ११ उद्योग र ट्रंक लाइन लिएका १२ उद्योगी को हकमा उच्च अदालतले अन्तरिम आदेश दिँदै प्राधिकरणको पक्षमा फैसला सुनाएको थियो।

महासंघका तर्फबाट मन्त्री भुसाललाई बधाई दिने क्रममा केही दिन पहिले ट्रंक तथा डेडिकेडेट लाइन विद्युत् महसुल विवादलाई शीघ्र समाधान गर्नुपर्नेमा जोड दिइएको थियो। महासङ्घका अध्यक्ष शेखर गोल्छाले महसुल विवाद समाधान गर्न उद्योगी व्यवसायीको तर्फबाट आग्रह गरिएको र समस्या समाधान हुने विश्वाससमेत व्यक्त गरेका थिए।

चरम विद्युत् भार कटौतीको समयमा उद्योगीले डेडिकेटेड र ट्रंक लाइनमार्फत बिजुली लिएको प्राधिकरणको भनाइ छ। त्यसबेला आमनागरिकको घरमा भने १८ घण्टासम्म लोडसेडिङ भएको थियो। महसुल विवाद बढ्दै जाँदा प्राधिकरण सञ्चालक समिति सदस्य भक्तबहादुर पुनको संयोजकत्वमा छानविन समिति नै गठन गरिएको थियो। प्राधिकरण सञ्चालक समितिले गत माघ ११ गते किस्ता बन्दीमा महसुल तिर्न सक्ने निर्णय गरेको थियो।

विसं २०७२ साउन देखि २०७७ असार मसान्तसम्मको सम्पूर्ण दस्तुरसहितको महसुल असुली गर्ने निर्णय भइसकेको छ। मुद्दा मामिलामा गएका उद्योगी व्यवसायीले पनि बक्यौता असुल उपर गर्ने मन्त्रिपरिषद्को निर्णयअनुसार नै महसुल भुक्तानी गर्नुपर्ने प्राधिकरणको भनाइ छ। पाटन उच्च अदालत र जनकपुर उच्च अदालतको वीरगञ्ज इजलासले समेत महसुल तिर्नुपर्ने भन्दै अन्तरिम आदेश दिएको थियो।

विद्युत् महसुल निर्धारण आयोगको मिति २०७२ पुस २९ को १०३औँ र २०७३ असार १६ को १०८औँ बैठकबाट कायम भएको महसुल दर सम्बन्धमा निर्णय भएको उद्योगीको भनाइ छ। प्राधिकरणले भने एकै पटक तिर्न सम्भव नभए, किस्ता बन्दीमा भए पनि तिर्न पटकपटक आग्रह गरेको छ। आयोगको १०३औँ बैठकले डेडिकेडेट फिडर लाइनमार्फत दैनिक निरन्तर विद्युत् उपभोग गर्ने उपभोक्ताको हकमा लागू हुने महसुल दर २०७२ पुस २९ पश्चात् दैनिक निरन्तर २४ घन्टा विद्युत् उपभोग गर्ने डेडिकेडेट लाइनका ग्राहकलाई मात्र लागू हुने भनी निर्णय गरेको छ।

लोडसेडिङ न्यूनतम छ घण्टा कायम रहेको बखत २० घन्टा वा सोभन्दा बढी अवधि विद्युत् उपयोग गर्ने ट्रंक लाइन समूहका उपभोक्ता ग्राहकको हकमा समेत डेडिकेडेट सरहको दरमा महसुल लिइ उक्त सुविधा प्रदान गर्ने निर्णय आयोगले गरेको थियो। डेडिकेडेट फिडर लाइन र ट्रंक लाइन समूहका औद्योगिक ग्राहक उपभोक्तालाई नभई उक्त संरचनाबाट लोडसेडिङ हुँदाको बखत तोके बमोजिमको मात्रामा विद्युत् उपभोग गर्नेको हकमा मात्र उक्त दर कायम हुने भन्ने उल्लेख थियो।

आयोगको २०७२ पुस २९ गतेको र २०७३ असार १६ को निर्णयबाट कायम भएकाले उक्त निर्णयअनुसारको दर लगाइ महसुल असुल गर्नुपर्ने धारणा महासंघको छ। सो अवधिको विद्युत् खपत विवरणबाट डेडिकेडेट फिडर लाइनमार्फत दैनिक निरन्तर २४ घन्टा र ट्रंक लाइनका औद्योगिक ग्राहकको हकमा लोडसेडिङ न्यूनतम छ घण्टा कायम रहेको भन्ने महासंघको भनाइ छ।

**वैदेशिक रोजगार तथा विद्यार्थीको मेडिकल जाँच्नका लागि**

१. निर्विवाद पहिलो नम्बर, कहिल्यै बन्द नभएको,
२. नेपाल सरकार तथा सबै देशहरूद्वारा मान्यता पाएको,
३. निरन्तर २१ वर्षदेखि उत्कृष्ट सेवा दिएको,
४. सबैभन्दा सस्तो र सबैभन्दा राम्रो,
५. क्षतिपूर्ति एकै दिनमा सम्पूर्ण ग्राहक सन्तुष्टि बन्ने,
६. हस्पिटलका सम्पूर्ण सेवाहरू ५० प्रतिशत छुटमा पोलिक्लिनिकमा उपलब्ध छ।

हरेक दिन बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म

**सेवाका लागि सम्झनुहोस्**

**गोल्डेन गेट पोलिक्लिनिक**
नख्खु दोबाटो, रिङरोड, ललितपुर-१३
फोन नं. ०१-५१९०४०८/९८५११३५०८६/९८२३७९६६३७
* शर्तहरू लागू हुनेछ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : धुम्बराही-४, काठमाडौं, नेपाल, फोन/फ्याक्स नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, सम्पादकः कमलराज राई